# प्रादेशिक यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सम्बन्धि प्राविधिक कार्य समिति

## २०७८

**प्रदेश सरकार**

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**गण्डकी प्रदेश**

**पोखरा, नेपाल**

सचिव

## प्रादेशिक यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सम्बन्धी प्राविधिक कार्य समिति, २०७८

**प्रस्तावना:** नेपाल सरकार दिगो तथा बिस्तारयुक्त रणनीतिहरु विकास गरी दिगो विकास लक्ष्यहरु (Sustainable Development Goals) प्राप्त गर्न प्रतिवद्ध रहेको छ। नेपालमा यौन तथा प्रजनन स्वास्थ्य सेवाहरुमा सर्वव्यापी पहुँच प्राप्त गर्न (दिगो विकास लक्ष्य ३.७), यौन तथा प्रजनन अधिकारमा सर्वव्यापी पहुँच बढाउन (दिगो विकास लक्ष्य ५.६), तथा मातृ मृत्युदर घटाउन (दिगो विकास लक्ष्य ३.१) का लागि सबै महिला तथा किशोरी एवं विशेष गरी जोखिम तथा पहुँच बाहिर रहेका जनसंख्याका लागि विस्तृत तथा प्रमाणमा आधारित यौन तथा प्रजनन स्वास्थ्य सेवा उपलब्ध रहेको छ। गण्डकी प्रदेशको स्वास्थ्य नीति, २०७८ ले यौन तथा प्रजनन स्वास्थ्य सेवाको सुनिश्चितता गरी निःशुल्क सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवाको पहुँच बढाउने रणनीति लिएको छ। तसर्थ यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको सुदृढीकरणमा आवश्यक प्राविधिक सहयोग प्रदान गर्नका लागि जिम्मेवार निकायका अधिकारी तथा विज्ञहरु सम्मिलित समिति गठन गरी कार्य गर्न वाञ्छनीय भएकाले,

प्रदेश सुशासन ऐन, २०७६ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेशले यो समिति गठन गरेको छ।

### परिच्छेद -१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस समितिको नाम “प्रादेशिक यौन तथा प्रजनन स्वास्थ्य र अधिकार प्राविधिक कार्य समिति २०७८" रहने छ।

(२) यो समिति तुरुन्त क्रियाशील हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, -

(१) “समिति” भन्नाले दफा (३) बमोजिम गठन भएको समिति सम्झनु पर्दछ।

(२) “प्रदेश” भन्नाले गण्डकी प्रदेश सम्झनु पर्दछ।

(३) “मन्त्रालय” भन्नाले गण्डकी प्रदेश, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्दछ।

(४) “निर्देशनालय” भन्नाले मन्त्रालय अन्तर्गतको स्वास्थ्य निर्देशनालय सम्झनु पर्दछ।

### परिच्छेद -२

### प्राविधिक कार्य समिति गठन सम्बन्धी व्यवस्था

**३. समितिको गठनः** स्वास्थ्य निर्देशनालयमा निर्देशकको अध्यक्षतामा देहाय बमोजिमको समिति गठन हुनेछ।

निर्देशक, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश — अध्यक्ष

प्रतिनिधि/ बरिष्ठ स्त्री रोग बिशेषज्ञ, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा, कास्की — सदस्य

प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गण्डकी प्रदेश
सचिव पोखरा, नेपाल

प्रतिनिधि/ स्त्री रोग बिशेषज्ञ, मातृशिशु मितेरी अस्पताल, बाटुलेचौर, पोखरा, कास्की — सदस्य

प्रतिनिधि/ नर्सिङ अधिकृत, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेश — सदस्य

प्रतिनिधि/बरिष्ठ फार्मेसी अधिकृत, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, गण्डकी प्रदेश — सदस्य

तथ्याङ्क अधिकृत, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश — सदस्य

प्रतिनिधि/ प्रजनन् स्वास्थ्य फोकल पर्सन, स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेश — सदस्य

प्रतिनिधि/ स्वास्थ्य महाशाखा प्रमुख, पोखरा महानगरपालिका — सदस्य

प्रतिनिधि, विश्व स्वास्थ्य सङ्गठन, कास्की — सदस्य

प्रतिनिधि, नेपाल परिवार नियोजन संघ, कास्की — सदस्य

प्रजनन स्वास्थ्य कार्यक्रम फोकल पर्सन, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश — सदस्य सचिव

## परिच्छेद -३

## समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

**४. समितिको काम, कर्तव्य र अधिकारः** प्रादेशिक यौन तथा प्रजनन स्वास्थ्य र अधिकार प्राविधिक कार्य समितिले निम्न लिखित क्षेत्रहरुमा प्राबिधिक सहयोग र सहजीकरण गर्नेछ। साथै सो समितिले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा स्वास्थ्य निर्देशनालयलाई यौन तथा प्रजनन स्वास्थ्य क्षेत्रका प्राथमिकता निर्धारण गर्न एवं साझेदार संस्थाहरु संग उपलब्ध श्रोत र विज्ञता परिचालन गर्न समेत सहजीकरण गर्नेछ।

(१) प्राबिधिक सहयोग र सहजीकरणः यस समितिले प्रदेश सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य निर्देशनालय, स्वास्थ्य तालिम केन्द्र, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

लगायत अन्य सरोकारवाला निकायलाई यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका क्षेत्रमा नीतिगत तथा कानुनी दस्तावेजहरु, निर्देशिका, नियमावली, योजना, कार्यक्रम तर्जुमा, प्राथमिकता निर्धारण, श्रोत परिचालन तथा कार्यान्वयन गर्न प्राविधिक सहयोग र सहजीकरण गर्नेछ ।

(२) पन्ध्रौ पञ्चवर्षीय योजना तथा प्रादेशिक प्रथम पञ्चवर्षीय योजनामा प्राथमिकता दिइए अनुरुप मातृ तथा नवशिशु मृत्युदर घटाउन तथ्यमा आधारित मिड वाइफ शिक्षा तथा सेवा लगायत प्रादेशिक प्रथम पञ्चवर्षीय योजनामा समाबेश गरिएका विशेष कार्यक्रमहरुलाई कार्यान्वयन गर्न यस समितिले आवश्यक समन्वय र सहजीकरण प्रदान गर्ने छ ।

(३) पाठ्यक्रम पुनरावलोकन तथा तालिम गुणस्तर अभिबृद्दी: यस समितिले प्रदेशस्तरमा अध्यावधिक मिड वाइफ र नर्सिङ्ग पाठ्यक्रमहरुको पुनराबलोकन गरी आवश्यक सुधारका क्षेत्रहरु पहिचान गरेर, सेवा तालिममा सम्मानजनक मातृ तथा नवशिशु सेवा र परामर्श सेवा जस्ता महत्वपुर्ण बिषयहरु समावेश गर्न सहयोग गर्नेछ। यस समितिले स्वास्थ्य तालिम केन्द्रसंगको समन्वयमा सुरक्षित गर्भपतन लगायत यौन तथा प्रजनन स्वास्थ्यसंग सम्बन्धित तालिमहरुको पहुँच, गुणस्तर तथा प्रभावकारिता बृद्धि गर्न सहयोग गर्नेछ ।

(४) समन्वयकारी भूमिका: यस समितिले प्रदेशमा यौन तथा प्रजनन स्वास्थ्यको क्षेत्रमा सङ्घीय तथा प्रादेशिक सरकारको नीति निर्देशन अन्तर्गत रही निर्धारित लक्ष्यहरु हासिल गर्न, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा जाहेर गरिएका प्रतिबद्धताहरु र दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने छ ।

(५) तथ्यांकहरुको विश्लेषण: यस समितिले प्रदेशमा भएका विभिन्न यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रमहरुको समीक्षा बैठकहरु संचालन गर्न, मुख्य-मुख्य सूचकहरुको अवस्था विश्लेषणको आधारमा समस्याहरु पहिचान गरी सुझाव सहितको प्रतिवेदन तयार गर्ने कार्यमा सहयोग गर्नेछ। प्रदेश तथा स्थानीय तहका यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रमहरुको स्वास्थ्य सूचना प्रणाली सुदृढीकरणका लागि अभिलेखीकरण गर्न, दस्ताबेजीकरण गर्न र विभिन्न अनलाइन प्रणालीलाई आवश्यकता अनुरुप संचालन गर्न प्राविधिक सहयोग तथा समन्वय गर्नेछ ।

(६) कार्यक्रम सञ्चालनमा सहयोग: यौन तथा प्रजनन स्वाथ्यका क्षेत्रमा, प्रदेश, जिल्ला र स्थानीय तहमा संचालनमा रहेका कार्यक्रमहरुको आवश्यकता अनुरुप प्राविधिक सहयोग र सहजीकरण गर्दै सुधारका लागि सिफारिस गर्ने छ। यौन तथा प्रजनन स्वाथ्य सेवा सुदृढीकरणका विभिन्न आयामहरू (जस्तै: सुरक्षित गर्भपतन सेवा केन्द्रहरुको सूचीकरण तथा बिस्तार, तोकिएको स्वास्थ्य सेवाका लागी स्वास्थ्यकर्मीहरुको सूचीकरण, स्वास्थ्यकर्मीहरुको योग्यता र आवस्यकता अनुरुप सुरक्षित गर्भपतन सम्बन्धी क्षमता अभिबृद्धि र आवश्यक औषधि तथा सामाग्रीहरुको आपूर्ति) मा निरन्तर सहयोग गर्नेछ ।

(७) स्वास्थ्य सामग्री तथा औषधि उपकरणको निरन्तर उपलब्धता: प्राबिधिक कार्य समितिले प्रदेश सरकार तथा स्थानीय तहलाई आवश्यकता बमोजिम सुरक्षित गर्भपतन सेवा लगायत यौन तथा प्रजनन स्वास्थ्यका क्षेत्रमा आवश्यक सामग्री तथा औषधि उपकरणहरुको आवश्यकता पहिचान, परिमाण प्रक्षेपण एवं निर्धारण गर्न प्राविधिक सहजीकरण गर्ने छ ।

प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

सचिव

(८) स्वास्थ्य शिक्षा तथा संचार: प्राविधिक कार्य समितिले यौन तथा प्रजनन स्वास्थ्य सेवाको उपयोगीता बढाउन राष्ट्रिय Social and Behavioural Change Communication (SBCC) रणनीतिका आधारमा परिमार्जित लोकसंस्कृति अनुरुपको स्वास्थ्य शिक्षा सामग्री (IEC Materials) का साथै **सुरक्षित गर्भपतनका लागि समाजमा देखिएका परम्परागत सोच तथा अन्धविस्वासहरुलाई चिर्न सहज हुने किसिमका** यौन तथा प्रजनन् स्वास्थ्य शिक्षाका अन्य संञ्चार माध्यमहरुको विकास गर्नका लागि साझेदार निकायहरुसंग समन्वय तथा सहकार्य गर्नेछ।

(९) अनुभवको आदान प्रदान: प्राविधिक कार्य समितिले सरोकारवालालाई आफुसंग भएका अनुभब र सिकाईको आदान प्रदान गर्ने अबसर प्रदान गर्नेछ। यसले एक अर्काबाट सिक्ने, उपलब्ध स्रोतबाट लाभान्वित हुने र कुनैपनि तहमा काममा दोहोरोपना नहुने कुरालाई सुनिश्चित गर्न सहयोग र सहजीकरण गर्ने छ।

(१०) अध्ययन, अनुसन्धान र सिफारिस: यस समितिले प्रदेश स्तरमा यौन तथा प्रजनन स्वास्थ्यका क्षेत्रमा गरिने विभिन्न अध्ययन अनुसन्धानमा प्राविधिक सहयोग र सहजीकरण गरी सोको नतिजाका आधारमा प्रदेश सरकार तथा स्थानीय तहमा यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारको सुदृढिकरणका लागि आवश्यक सिफारिसहरु गर्ने छ। यस्ता अध्ययन अनुसन्धानका नतिजाका आधारमा यौन तथा प्रजनन स्वास्थ्य सेवामा समतामुलक पहुँचका लागि वकालत एवं पैरवी गर्न सहयोग गर्नेछ।

(११) प्राविधिक कार्य समितिले प्रदेशमा यौन तथा प्रजनन स्वास्थ्य र अधिकारका क्षेत्रमा गठन/स्थापना हुने विभिन्न सरकारी संयन्त्र र संरचनालाई प्राविधिक सहयोग गर्नेछ। विपद र महामारीको बेलामा यौन तथा प्रजनन स्वास्थ्य र अधिकार प्राविधिक कार्य समितिले प्रजनन स्वास्थ्य बिषयगत उपसमुहहरु (RH sub clusters) सुचारु बनाई आवश्यक सहयोग गर्ने छ।

## परिच्छेद -४

## समितिको बैठक सम्बन्धी व्यवस्था

५. **समितिको बैठक :** (१) यौन तथा प्रजनन स्वास्थ्य र अधिकारका बिषयमा भएको प्रगति बिवरण र समस्याहरुको समीक्षा गर्न यस समितिको नियमित बैठक प्रत्येक तीन (३) महिनामा बस्ने छ र आवश्यकता अनुसार अतिरिक्त बैठकहरु पनि बस्न सक्ने छ।

(२) सामान्यत: स्वास्थ्य निर्देशनालयमा यस समितिको बैठक बस्ने छ, यदि बैठकले निर्णय गरेमा अन्य स्थानहरुमा पनि बैठक सञ्चालन गर्न सकिनेछ।

(३) उक्त बैठकका लागि छलफलका विषयवस्तु सहित, सदस्य सचिबले कम्तिमा तीन दिन पूर्व बैठकका लागि निमन्त्रणा पठाउने छन्।

(४) प्रत्येक बैठकको माइन्युट राखी सम्पूर्ण सदस्यहरुलाई उपलब्ध गराइने छ।

(५) प्रत्येक बैठकले अघिल्लो बैठकमा गरेको निर्णयको कार्यन्वयन प्रगतिको समीक्षा गर्नेछ।

प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल
सचिव

(६) बैठकका निर्णयहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा आवश्यकता अनुसार अन्य निकायमा पठाउनु पर्नेछ।

(७) समितिको सदस्य नरहेका संस्थाहरुलाई पनि आवश्यकता अनुसार बैठकमा आमन्त्रण गर्न सकिने छ।

६. **निर्देशन दिने:** मन्त्रालयले समितिको काम कारवाहीका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

७.**संशोधन:** यस समितिको कार्यन्वयनमा कुनै वाधा अड्काउ आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

सचिव

प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल